# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।२६ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नेपाल विद्युत् प्राधिकरण, उत्पादन सञ्चालन तथा संभार विभागको पूर्व महाप्रबन्धक महेन्द्रलाल श्रेष्ठले सार्वजनिक सेवाको पदमा रहदा मर्यादा विपरितका कार्य गरी स्रोत पुष्टी हुन नसक्ने अकुत सम्पत्ति आर्जन गरेको हुँदा आवश्यक छानविन गरी कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज महेन्द्रलाल श्रेष्ठ, नेपाल विद्युत प्राधिकरण, प्रसारण तथा वितरण निर्माण डिभिजनको असिष्टेण्ट ईन्जिनियर पदमा मिति २०३६/१२/०५ गते नियुक्ति भई तह तह बढुवा सरुवा भई ऐ. प्राधिकरणको, उत्पादन तथा सञ्चालन तथा संभार विभागको महाप्रबन्धक र प्राधिकरणको का.मु. कार्यकारी निर्देशक भई मिति २०७०/०४/०९ गतेदेखि अनिवार्य अवकाश भएको देखियो। सो जाँच अवधिमा (आ.ब. २०३६/३७ - ०६९/०७०) निजको आय व्ययको विवरण र निजले आफ्नो तथा आफ्नो परिवारका सदस्यको नाममा खरिद एवं लगानी गरेको चल अचल सम्पत्तिका सम्वन्धमा तथ्य प्रमाणहरुलाई छानविन एवं विश्लेषण गरी हेर्दा निजले आय आर्जन गरेको वैध आयको तुलनामा रु.२,८८,८२,८९१/- (दुई करोड अठासी लाख बयासी हजार आठ सय एकानब्बे) बराबरको सम्पत्ति आफ्नो पदीय जिम्मेवारीको दुरुपयोग एवं भ्रष्टाचार गरी गैर-कानूनीरुपबाट आर्जन गरेको र मानसिव कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको देखिन आएबाट निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई बिगो रु.२,८८,८२,८९१/- (दुई करोड अठासी लाख बयासी हजार आठ सय एकानब्बे) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो अनुसारको जरिवाना र कैद सजाय हुन साथै निज नेपाल विद्युत प्राधिकरणको महाप्रबन्धक पदमा रही अवकाश प्राप्त गरेको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४(क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै निजले भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको, स्रोत नखुलेको चल अचल सम्पत्तिहरु निज र निजकी श्रीमती करुणादेवी कर्माचार्य श्रेष्ठ, छोरा कमलेन्द्र लाल श्रेष्ठ र छोरी प्रेरणा श्रेष्ठको नाममा बदनियत साथ राखेको तथा लुकाए छिपाएको पुष्टी हुन आएको हुँदा त्यस्ता सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गर्ने मागदावी लिई सोही प्रयोजनका लागि माथि उल्लिखित निजको परिवारहरुलाई समेत प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता